


Research Management Cell (RMC)
JANAJYOTI MULTIPLE CAMPUS, Lalbandi Sarlahi
JANAJYOTI JOURNAL

ISSN: 2961-1563 (Print)

# ‘हंस’ उपन्यासको पर्यावरणीय समालोचना

**जानुका खतिवडा**
janu_upu@yahoo.com

## सार

*प्रस्तुत अनुसन्धानात्मक लेखमा सञ्जीव उप्रेतीको ‘हंस’ उपन्यासलाई पाठका रूपमा लिई त्यसमा प्रयुक्त पर्यावरणीय समालोचनाका विभिन्न आयामहरूको विश्लेषण र मूल्याङ्कन गरेर उक्त उपन्यासको विवेचना गरिएको छ । ‘हंस’ उपन्यासका आधारमा पर्यावरण र यसलाई सन्तुलित तुल्याउने प्राणी, जीव र वनस्पतिबिचको अन्योन्याश्रित सम्बन्धलाई उद्‌घाटन गर्नु नै प्रस्तुत अध्ययनको मुख्य उद्देश्य रहेको छ । यस लेखमा उपन्यास विश्लेषणका निम्ति पर्यावरणीय समालोचनाले अघि सारेका मान्यतालाई आधार बनाएर प्राकृतिक सौन्दर्यको चित्रण, वातावरणीय नैतिक आचरणको प्रतिबिम्बन, वैज्ञानिक खोजको सम्भावना तथा पर्यावरण अनुकूल भाषिक प्रयोगका आधारमा ‘हंस’ उपन्यासलाई विश्लेषण गरिएको छ । यस लेखमा गुणात्मक अनुसन्धान विधिअन्तर्गत पर्यावरणीय सिद्धान्तलाई अवलम्बन गरी व्याख्याविश्लेषण गरिएको छ । पुस्तकालयीय अध्ययनमा आधारित यो लेखलाई उपन्यासभित्रको पर्यावरणीय पक्षको विश्लेषणका क्रममा साक्ष्यका माध्यमबाट समीक्षात्मक तर्कसहित पुष्टि गरिएको छ । यसमा पर्यावरणका विविध पक्षको कलात्मक प्रयोग भएका कारण यो एक उत्कृष्ट पर्यावरणीय उपन्यास हो भन्ने निष्कर्ष निकालिएको छ ।*

**मुख्य शब्दावली :** गहन पर्याववरण, जैविक विविधता, पारिस्थितिक प्रणाली ।

## अध्ययनको पृष्ठभूमि

घनचक्कर उपन्यास, सिद्धान्तका कुरा समालोचना, मकैको अर्कै खेती नाटक जस्ता कृति प्रकाशन गरेका सञ्जीव उप्रेती नेपाली साहित्यकार तथा समालोचक हुन् । हंस उनको दोस्रो उपन्यास हो । यस उपन्यासमा पर्यावरणलाई केन्द्रीय विषयका रूपमा लिएर त्यस अनुरूप विषयवस्तु, पात्र र परिवेशको सिर्जना गरी आख्यानको संरचनामार्फत चरा, सर्प र अन्य मानवेतर प्राणीका कथालाई मानवीकरण गर्दै मानवकेन्द्रित विश्वदृष्टिलाई केही हदसम्म विस्थापित गर्ने प्रयास गरिएको छ । मानिसका हरेक संवेदनाहरू प्रकृतिसँगै गाँसिएका हुन्छन् । चाहे प्रेम होस् वा विद्रोह, ईर्ष्या होस् वा वैराग्य आफ्ना सारा अनुभूतिहरू मानिसले प्रकृतिकै माध्यमबाट प्रस्तुत गर्ने गर्दछ भन्ने भावलाई यस उपन्यासमा मानवीय पात्रका माध्यमबाट देखाइएको छ । अर्कोतिर मानवेतर पात्रका माध्यमबाट प्राकृतिक सौन्दर्यको रहस्योद्घाटन गरिएको छ । प्रस्तुत अध्ययन 'हंस' उपन्यासमा प्रस्तुत पर्यावरण र यसमा सन्तुलन कायम गर्ने प्राणी, जीव र वनस्पतिबिचको अन्तर्सम्बन्धमा केन्द्रित छ ।

जनसङ्ख्या वृद्धि, अव्यवस्थित सहरीकरण, प्राकृतिक स्रोतको असन्तुलित प्रयोग आदिका कारणले दिनानुदिन प्रकृति र पर्यावरणको विनाश हुँदै छ । सर्वश्रेष्ठ बन्ने दौडाहामा लागेको आजको मानवले आफ्नो मात्र अस्तित्व महान् र अन्य वस्तुहरूलाई गौण ठानेको हुन्छ । वैज्ञानिक चमत्कारबाट सिर्जित मानवीय उपलब्धिहरूमा प्रकृतिको विनाश लुकेको छ । जताततै बढ्दै गएको प्रदूषण र कोलाहलले सुन्दर प्रकृति विरूप बन्न पुगेको छ भने कैयौँ जीव र वनस्पतिहरू लोपोन्मुख अवस्थामा छन् । जीवजन्तुहरूको अवैध चोरीसिकारी र बढ्दो प्रदूषणका कारण अन्य जीवहरूको अस्तित्व नै सङ्कटमा परेको तथ्यलाई यस उपन्यासमा वृद्ध हाँस र लहडे हाँसबिचको संवादका माध्यमबाट प्रस्तुत गरिएको छ । आफ्नो मानसिक अन्तर्द्वन्द्वबाट मुक्ति पाउन प्रकृतिको शरण खोज्दै टौदह पुगेको म पात्रको अर्धचेतन अवस्थामा आएको स्वैरकाल्पनिक तन्द्रामय कथाहरूका माध्यमबाट यस उपन्यासमा प्रकृतिलाई नै सर्वोपरि महत्त्वका रूपमा लिएर स्वच्छ पर्यावरण सबैका लागि आवश्यक पर्ने तथ्यलाई प्रस्तुत गरिएको छ । प्रस्तुत उपन्यास पृथ्वीका सम्पूर्ण प्राणी, जीव र वनस्पति पर्यावरणमा अन्तर्निहित हुन्छन् भन्ने पुष्टि गर्न सक्षम छ । यसर्थ साहित्यमा पर्यावरणीयसम्बद्ध प्राज्ञिक विमर्शका निम्ति हंस उपन्यासको पर्यावरणीय समालोचना भन्ने विषय उपयुक्त छ ।

## अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययनमा हंस उपन्यासमा प्रस्तुत पर्यावरणको अध्ययन विश्लेषण गर्न पर्यावरणीय समालोचनाका मान्यताहरूलाई उपयोग गरिएको छ । यसअन्तर्गत प्राकृतिक सौन्दर्यको चित्रण, वैज्ञानिक खोजको सम्भावना, वातावरणीय नैतिक आचरणको प्रतिबिम्बन तथा पर्यावरणअनुकूल भाषिक प्रयोगलगायतका विषयमा आधारित भई उपन्यासको पाठ विश्लेषण गरिएको छ । पर्यावरणीय समालोचनाका आधारमा हंश उपन्यासको विश्लेषण गर्नु नै यस अध्ययनको मुख्य उद्देश्य रहेको छ ।

## अध्ययन विधि

प्रस्तुत अध्ययन पूरा गर्न पुस्तकालयीय पद्धतिअन्तर्गत रहेर प्राथमिक र द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । प्राथमिक स्रोतअन्तर्गत सञ्जीव उप्रेतीद्वारा लिखित हंस उपन्यासबाट प्राप्त पर्यावरणीय समालोचना सम्बन्धी तथ्य र तथ्याङ्कलाई लिइएको छ भने द्वितीयक स्रोतअन्तर्गत पर्यावरणीय समालोचनासँग सम्बन्धित सैद्धान्तिक एवम् प्रायोगिक पूर्वकार्यहरूलाई उपयोग गरिएको छ । प्रस्तुत उपन्यासको विश्लेषणका लागि सैद्धान्तिक ढाँचाका रूपमा पर्यावरणीय समालोचनाले अघि सारेका कृति विश्लेषणका प्रारूपलाई आधार बनाई विश्लेषण गरिएकाले यो अध्ययन निगमनात्मक विधिमा आधारित छ ।

## विश्लेषणको सैद्धान्तिक आधार

साहित्य र भौतिक वातावरणबिचको सम्बन्ध अध्ययन गर्ने समालोचना पद्धति नै पर्यावरणीय समालोचना हो । यसमा वैज्ञानिक उपायका माध्यमबाट वातावरणीय समस्याको समाधान खोजिन्छ । साहित्यिक अध्ययनका निम्ति यस समालोचनामा पृथ्वी केन्द्रित दृष्टिकोण अवलम्बन गरिन्छ (ग्लोटफेल्टी, सन् १९९६) । यसअघि साहित्यिक र सांस्कृतिक अध्ययनका सिद्धान्तहरू वर्ग, जाति, लिङ्ग र क्षेत्रको मापदण्डमा आधारित आलोचनात्मक विश्लेषणका विषयहरू थिए । आधुनिक प्रविधिको उच्चतम प्रयोग र बढ्दो वातावरणीय विनाशका कारण बिसौँ शताब्दीको अन्त्यतिर आएर नयाँ चुनौतीका रूपमा देखा परेको पर्यावरणीय प्रकोपले धेरैको ध्यानाकर्षण गऱ्यो । फलस्वरूप साहित्य र सैद्धान्तिक अध्ययनका क्षेत्रमा पर्यावरणीय समालोचना नयाँ आयामका रूपमा स्थापित हुन पुग्यो (नायर, सन्

२०१६) । पर्यावरणीय समालोचनाको प्रारम्भ भने सन् १९९० को दशकको मध्यतिर चेरिल ग्लोटफेल्टी र ह्यारोल्ड फोमद्वारा सम्पादित लेखहरूको सङ्ग्रह द इकोक्रिटिसिज्म रिडर : ल्यान्डमार्क्स एन लिटरेरी इकोलोजीसँगै भएको मानिन्छ । यसै समयमा लरेन्स बुएल (सन् १९९५) द्वारा लिखित पुस्तक द इन्भारोन्मेन्ट इमाजिनेसन प्रकाशित भएपछि पर्यावरणीय समालोचनाले अझ उचाइ प्राप्त गर्न सकेको छ । नर्वेका दार्शनिक अर्न नाइसले विकास गरेको 'डिप इकोलोजी'को धारणा पनि निकै महत्त्वपूर्ण छ (नायर, सन् २०१६) । यसमा सबै जीव तथा प्राकृतिक स्रोतहरूको आधारभूत आपसी सम्बन्धलाई जोड दिँदै समग्र विश्वदृष्टिकोण प्रस्तुत गरिएको हुन्छ ।

हिजोआज मानिसकै कारण पर्यावरण असन्तुलित हुँदै छ । बढ्दो प्रदूषणका कारण प्राकृतिक सन्तुलन कायम गर्ने कैयौँ जीव र वनस्पतिहरू लोपोन्मुख अवस्थामा पुगेका छन् । दिनानुदिन प्रकृति विरूप बन्दै गइरहेको छ। पृथ्वीबासी आफ्नै कारणले पर्यावरणीय सङ्कटका समयमा बाँचिरहेका छन् र अब यसको पुनर्मूल्याङ्कन हुनु अत्यावश्यक छ । साम्राज्यवादी देशहरूले आफ्नो आर्थिक शोषणको विस्तार, हातहतियारको होडबाजी तथा प्रविधिका क्षेत्रको प्रतिस्पर्धाका कारण प्रतिवर्ष हजारौँ मेगाटन कार्बन उत्पादन गरी वायुमण्डललाई विषाक्त पारेका छन् (भट्टराई, २०७०) । पृथ्वी जटिल पर्यावरणीय सङ्कटमा फस्दै गएको विषयमा चिन्ता र चासो प्रकट गर्ने पर्यावरणीय समालोचनाका मुख्य लक्ष्यहरूमध्ये एक समाजमा व्यक्ति विशेषले प्रकृति र पारिस्थितिक पक्षको सम्बन्धमा कसरी व्यवहार वा प्रतिक्रिया गर्छ भनेर अध्ययन गर्नु हो (माल्र्यान्ड, सन् २०१३) । पर्यावरणीय समालोचनाले प्रकृति, मान्छे र वातावरणका विशिष्टता, मान्छे, जीव र वनस्पतिका उपयुक्त बासस्थान एवम् मान्छेको पर्यावरणसँगको सम्बन्धको अध्ययन गर्दछ । कहाँ के चिजहरू कसरी बसेका छन् भन्नेमा केन्द्रित हुने भएकाले यसले स्थानलाई महत्त्व दिन्छ र पर्यावरणको सुरक्षा गर्ने उद्देश्य राख्दछ (शर्मा, २०७५) । पर्यावरणीय समालोचना विज्ञान, संस्कृति र साहित्य जस्ता भिन्न विषयहरूमा आधारित हुनाले यसलाई अन्तर्विषयक समालोचना भनिन्छ । यस विषयमा एटम (२०७०) को विचार यस्तो रहेको छ :

> *प्रकृति के हो, वातावरणको अर्थ के हो, अहिले किन हामी वरिपरिको मानवेतर जगत् मात्र भएको छ, मानव आफैँ पनि वातावरणको विशिष्ट अङ्ग किन हो, मानव कहाँ र कसरी बस्छ आदि प्रश्नहरूको उत्तर दिने क्रममा वातावरणीय समालोचनाले प्राकृतिक विज्ञान, वातावरणीय अध्ययन, सांस्कृतिक र सामाजिक अध्ययनलाई पनि यथास्थान उपयोग गर्दछ । (पृ. १७३)*

यस प्रकारको बहुविषयक पद्धति उपयोग गरेर पर्यावरणीय समालोचनाले कृतिको विषय र कलाको मूल्याङ्कन गर्न सक्छ । प्रकृति व्यक्ति वा वस्तुको विशेषता हो । सृष्टिक्रमसँगै प्रकृतिमा प्राणी र वनस्पतिका लागि अनुकूल हुने निश्चित वातावरण सिर्जना भएको छ । पृथ्वीमा जीवनदायिनी अनेक सम्पदाहरू छन् र तिनै सम्पदाहरूको उपयोग गर्दै मानव तथा मानवेतर प्राणी, जीव तथा वनस्पतिहरूले आफ्नो अस्तित्व सुरक्षित राखेका हुन्छन् । निश्चित पारिस्थितिक प्रणालीभित्र रहने यिनै जीव तथा वनस्पतिहरूले नै पर्यावरणीय सन्तुलन पनि कायम गरेका हुन्छन् यद्यपि यिनले प्रकृतिको संरक्षण गर्न सक्दैनन् । प्रकृतिको सर्वश्रेष्ठ प्राणी मानिसले नै पर्यावरण विनाश या संरक्षण गर्ने सामर्थ्य राख्दछ । मानिसको संस्कार, चिन्तन र सम्पूर्ण जीवन नै प्रकृतिद्वारा निर्मित हुन्छ । यसर्थ मान्छे र पर्यावरणका बिचमा अन्योन्याश्रित सम्बन्ध छ भन्ने कुरा पर्यावरणीय समालोचनाले पुष्टि गर्दछ (पोखरेल, २०७७) । प्रस्तुत अध्ययनमा हंस उपन्यासमा अभिव्यञ्जित पर्यावरणीय चिन्तनलाई विश्लेषण र मूल्याङ्कन गर्नका लागि पर्यावरणीय समालोचनाले अघि सारेका कृति विश्लेषणका विभिन्न आधारहरूमध्ये प्राकृतिक सौन्दर्यको चित्रण, वैज्ञानिक खोजको सम्भावना, वातावरणीय नैतिक आचरणको प्रतिबिम्बन तथा पर्यावरण अनुकूल भाषिक प्रयोगलाई सैद्धान्तिक ढाँचाका रूपमा उपयोग गरिएको छ ।

## प्राप्ति र छलफल

हंस उपन्यासका घटना, पात्र र परिवेशलाई आफ्नो मानसिक अन्तर्द्वन्द्वको निदान खोज्दै टौदह पुगेको उपन्यासको म पात्रको कथनका रूपमा प्रस्तुत गरिएको छ । पानीबाट ओत लाग्न टौदहका छेउको खाजाघरमा पसेको म पात्रले खाजाघरकी सञ्चालक आमै, त्यहाँ भेटिएको एक अधबैंसे र एक वृद्धसँग टौदह र यससँग सम्बन्धित विषयका बारेमा जिज्ञासा राख्दछ । उसको जिज्ञासा समाधान गर्न आमैले सुनाएका अनेक किंवदन्तीहरूमा जोडिएर उपन्यास अघि बढेको छ । आफ्नी श्रीमती सीमासँग विवाह गरेको जार (अनुज) लाई टौदहमा भेटेर खुकुरीले छप्काउने र आफ्नो बदला पूरा गर्ने उद्देश्यले टौदह पुगेको म पात्र मुसलधारे पानी परेका कारण फर्कन सक्दैन । ऊ टौदहका छेउको खाजाघरमा रात बिताउन बाध्य हुन्छ । टौदहसँग जोडिएका आफ्नो जीवनकथा स्मरण गर्दागर्दै ऊ घरिघरि तन्द्रावस्थामा पुग्छ । उसको तन्द्रावस्थामा आमैले सुनाएका कथाका रूपमा हाँस-हँसिनी, कर्कोटक नाग-नागरानी, डोब्रे सर्प, बकुल्ला आदि मानवेतर पात्रहरूका स्वैरकाल्पनिक कथाहरू आउँछन् । तिनका माध्यमबाट उपन्यासमा सिमसारमा पाइने पक्षीहरू र तिनका विशेषता, जैविक विविधता, खाद्यचक्र आदिका बारेमा बताइएको छ ।

यसका साथै कथानकका बिचमा आउने लहडे हाँस र वृद्ध हाँसका माध्यमबाट प्राकृतिक सम्पदाको विनाशका कारण मानवेतर प्राणीहरूले भोग्नुपरेको सास्ती, उनीहरूको सङ्घर्ष र विस्थापनका कथाहरूलाई प्रस्तुत गरिएको छ । कथानकका बिचबिचमा अनुज (जार) कथयिता भएर आउँछ र उसले अमेरिका पलायन भएका नेपालीहरूका दुःख र सङ्घर्षका कथा बताउँछ । यस उपन्यासमा प्रस्तुत भएका मानवीय पात्रहरू प्रकृतिप्रेमी छन् । उनीहरू प्राकृतिक सम्पदाको भ्रमण गर्न मन पराउँछन् । पक्षीहरूका बारेमा जानकारी राख्दछन् । पर्यावरणमैत्री व्यवहार देखाउँछन् । त्यसै गरी मानवेतर पात्रहरू प्रकृतिमै रमाएर बसेका छन् । यस लेखमा पर्यावरणीय सन्तुलनमा तिनले खेलेको महत्त्वपूर्ण भूमिका, वातावरण जोगाउनका निम्ति देखाएको चासो, पर्यावरणले तिनका आचरणमा पारेको प्रभाव नामक उपशीर्षकमा रहेर छलफल गरिएको छ ।

## प्राकृतिक सौन्दर्यको चित्रण

साहित्यमा मानिसलाई अत्यधिक महत्त्व दिने तथा प्रकृतिलाई शैलीगत अलङ्कार र प्रभावोत्पादक सहायक सामग्रीका रूपमा मात्र सीमित गर्ने परम्पराका विपरीत प्रकृतिलाई नै मूल विषयका रूपमा अभिव्यक्त गर्नु नै प्रकृतिको केन्द्रीय महत्त्व हो (त्रिपाठी, २०७७) । पर्यावरणीय समालोचनामा प्रकृति केन्द्रित दृष्टिकोण राखिन्छ । यसले कुनै पनि कृतिमा प्रस्तुत गरिएको प्राकृतिक वातावरण, संस्कृति, वनस्पति जगत्, चराचुरुङ्गी, प्राकृतिक सौन्दर्य आदिलाई केन्द्रबिन्दु बनाएर कृतिको समालोचना गर्ने आधार प्रदान गर्दछ (ग्लोटफेल्टी, सन् १९९६) । हंस उपन्यासमा प्रकृति सहायक सामग्रीका रूपमा नभएर मुख्य विषयका रूपमा आएको छ । सन्तुलित पर्यावरण र त्यसमा निहित सौन्दर्यको वर्णन गर्ने हंस उपन्यासको एक अंशलाई यहाँ उदाहरणका रूपमा प्रस्तुत गरिएको छ :

> *दहको डिलमा एउटा युवा हाँस मस्त रमाउँदै थियो ।*
>
> *बेलाबेला दहमा पखेटा डुबाउँथ्यो । त्यसपछि पुनः डिलमा उक्ली कहिले पारिका घर त कहिले वारिको सिमसारलाई नियाल्थ्यो । सिमसारको हिलोमा असङ्ख्य भ्यागुता र कीराफट्याङ्ग्रा थिए । छेवैमा ठडिएको असारे रुखको हाँगामा ड्याङ्ग्रे रुपी र काग थिए । अर्कोमा कन्ठे सुगा र जुरेली । असार-साउनको झरीमा सिमसार हिलाम्मे हुन्थ्यो । असारे रुखमा गुलाफी फूल फुल्थे । (उप्रेती, २०७६, पृ. १७)*

उल्लिखित अंशमा टौदह र त्यस सिमसारमा बस्ने हाँस, जुरेली, कन्ठे सुगा, रुपी चराका साथै हिलोमा बस्ने भ्यागुता, किराफट्याङ्ग्रा तथा दहका वरिपरि पाइने असारे

जस्ता वृक्षको वर्णन गरिएको छ । सिमसार विशेष किसिमको भूबनोटअन्तर्गत पर्दछ । यस्तो भूबनोटमा अनेक जीवको अस्तित्व सुरक्षित भएको हुन्छ । यसरी सामूहिक रूपमा रहेका अनेक जीव तथा वनस्पतिको वर्णन गर्दै उपन्यासमा टौदहलाई जैविक विविधता संरक्षण गर्ने सुन्दर स्थलका रूपमा वर्णन गरिएको छ ।

सिमसार विविध किसिमका चराचुरुङ्गी, किराफट्याङ्ग्रा, दुर्लभ वनस्पति आदिका लागि अनुकूल वातावरण सिर्जना गर्ने ठाउँ हो । सिमसारले जैविक विविधता कायम राख्नुका साथै प्राकृतिक सौन्दर्य बढाउन पनि विशेष भूमिका निर्वाह गरेको हुन्छ । हंस उपन्यासमा प्रस्तुत अर्को एउटा अंशलाई यहाँ विश्लेषणको उदाहरणका रूपमा प्रस्तुत गरिएको छ :

*काँकाँ...क्याकक्याक..*

*फुँफुँ ...टरटर..*

*चुँचुँ...चिरबिर..*

*पोकपोक...टिकटिक..*

*कथा र अकथाको दोसाँधमा हलचल हुँदै थियो ।*

*पोखरीको किनारमा उभिने बकुल्लाहरू, सिमसारमा ट्यारट्यार कराइरहेका भ्यागुताहरू, पानीमा फुद्रुक-फुद्रुक उफ्रने माछाहरू, हाँसहरू, कागहरू, चिबेहरू, बेल्चा, जलेवा र जुरेलीहरू गाजले चरा, तितु र टिकटिकेहरू । अरू त अरू उत्तिस र चिलाउनेका रुखहरूसमेत हाँगा निहुराएर बसे जस्ता थिए । मानिस, चरा, माछा, हाँस आदिले एक अर्काबारे कस्ता कथा उन्दा रहेछन्, सुन्न ।*

*ती सबै प्राणीहरू मौनतामा बोल्दै थिए । मैले तिनलाई मनले सुन्न थालेँ । (उप्रेती, २०७६, पृ. १९२)*

उल्लिखित अंशमा आफ्नो मानसिक अन्तर्द्वन्द्वको निदान खोज्दै प्रकृतिको शरणमा पुगेको म पात्रले अनुभव गरेको तन्द्रावस्थालाई चित्रण गरिएको छ । ऊ अर्धचेतन अवस्थामा पनि चराहरूको मधुर आवाज सुन्दछ, प्रकृतिमा स्वच्छन्द रमाउने जीव, अनेक विपत्ति सहेर पनि सदैव उभिरहने वृक्षहरू सम्झन्छ । तिनका अनेक कथाहरू बुन्दछ र आफ्नो मनलाई शान्त पार्ने प्रयास गर्दछ ।

सर्वश्रेष्ठ बन्ने दौडाहामा मान्छे दिनानुदिन प्रकृतिबाट विमुख हुँदै गइरहेको छ । अन्ततः जति नै उचाइमा पुगे पनि प्रकृतिको शरण नपरी मान्छेलाई आन्तरिक शान्ति

मिल्दैन । सन्तुलित पर्यावरण र सुन्दर प्रकृति नै सुखका अजश्र स्रोत हुन् भन्ने भाव माथिको अंशमा प्रस्तुत भएको छ ।

## वातावरणीय नैतिक आचरणको प्रतिबिम्बन

उपभोक्तावादी संस्कृतिको बढ्दो प्रभावका कारण प्राकृतिक स्रोतको विनाश र यसबाट सिर्जित वातावरण प्रदूषण आजको समयको जल्दोबल्दो समस्या हो । प्रदूषणकै कारण जलवायु परिवर्तनलगायत अनेक समस्या आउन थालेपछि मानिसहरू पर्यावरण जोगाउनतर्फ केही सचेत हुन थालेका देखिन्छन् । प्राकृतिक सम्पदाको संरक्षणमा पनि मानिसको ध्यान जान थालेको पाइन्छ तर संरक्षणका नाउँमा देखा परेको कृत्रिमताले प्राकृतिक सम्पदाको संरक्षणभन्दा विनाश निम्त्याउन पुगेको विषयलाई हंस उपन्यासमा आमै र वृद्धका संवादका रूपमा प्रस्तुत गरिएको छ ।

बर्सौंदेखि टौदहको रेखदेखमा खटिएकी आमै र वृद्धले व्यक्त गरेको चिन्ता यहाँ साक्ष्यका रूपमा प्रस्तुत गरिएको छ :

> *"टौदहका थुप्रै कथा हराए ।" आमैले भनिन्, "केही पाकाहरूलाई मात्र थाछ । अनि टौदह पनि पहिले जस्तो कहाँ रह्यो र बाबै ! पहिले डिलबाट टलक्क हिमाल देखिन्थो । सडकछेउ घर बन्न थालेपछि पूरै छेकियो । दहको पानी सुक्दै गयो । पहिला सेता भुँडीफोर चरा आउँथे । बट्टाई र चैते चरा आउँथे । अब खासै आउँदैनन् ।" (उप्रेती, २०७६, पृ. ३२)*
>
> *"म पनि टौदह आउन थालेको पचास वर्ष जति भयो ।" वृद्धले भने, "पहिलेभन्दा पानी निक्कै घटेको छ । पोखरी वरिपरि सिमेन्टको बाटो बनाएपछि त झनै सुक्यो । टापुलाई समेत सिमेन्टको पर्खालले घेरिदिए । पहिले हाँस चराहरू सजिलै टापुमा उक्लन्थे । अब उडेर मात्र पुग्न सक्छन् । हेर त बिचराहरूलाई सास्ती !" (उप्रेती, २०७६, पृ. ३३)*

उल्लिखित अंशमा टौदह र त्यस वरपरको जमिन अतिक्रमणमा परेपछि त्यसले निम्त्याएको समस्यालाई चित्रण गरिएको छ । माटोले वर्षाको पानीलाई सजिलै सोस्ने भएको हुँदा धर्ती पुनर्भरण (रिचार्ज) हुन पाउँछ र पानीका स्रोतहरू बढ्छन् । तर, त्यहाँ वरपर सिमेन्टको बाटो र पर्खाल बनाएपछि माटो पुनर्भरण हुन नपाएर टौदहको पानी सुक्न थालेको, सडकछेउ बनेका घरहरूले हिमाल छेकिएको जस्ता प्रसङ्ग उल्लेख गर्दै प्रकृतिमा रमाएर बाँचिरहेका चराहरूले सास्ती भोग्नुपरेकोमा चिन्ता व्यक्त गरिएको छ ।

मान्छेले आफ्नै स्वार्थलाई मात्र हेरेर प्रकृतिको उपयोग गर्नु मानवकेन्द्री चिन्तन हो । यसलाई पर्यावरणीय समालोचनामा अनैतिक ठानिन्छ र त्यसको आलोचना गरिन्छ । यसको सट्टा सबै जीवलाई एकअर्कामा निर्भर ठानेर व्यवहार गर्नु पर्यावरणकेन्द्री वैचारिकता हो र पर्यावरणीय समालोचनामा मानवबाट यसै अनुरूपको आचरण खोजिन्छ (एटम, २०७०) । मानिसका अविवेकी क्रियाकलापले प्रकृति र पर्यावरण दुवैको विनाश निम्त्याएको छ । बढ्दो जनसङ्ख्या र अव्यवस्थित सहरीकरणका कारण प्राकृतिक स्रोतहरू अतिक्रमणमा परेका छन् । गाँस, बास र कपासको समस्या समाधान गर्ने प्रयत्नमा मानिसले कैयौँ पशुपक्षीहरूको वासस्थान उजाडेको हुनाले वन्यजन्तुहरू त्यसको प्रत्यक्ष मारमा परेका छन् । यस विषयलाई पुष्टि गर्ने हंस उपन्यासको अर्को एउटा अंशलाई यहाँ साक्ष्यका रूपमा प्रस्तुत गरिएको छ :

> *"पहिले लुआ लाउनेहरूपनि उई खुट्टाले मात्र हिँड्थे रे !" त्यही अघिको हाँस सिमसारमा उभिएर भन्दै थियो, "पछि तिनले उड्ने र गुड्ने घरहरू बनाए । लुआ लाउनेहरू फटाहा छन् । अरूलाई दुःख दिन्छन् ।"*
>
> *"कसरी ?"*
>
> *"पहिले यो ओखरी निक्कै फराकिलो थियो । छेउछाउमा ठूलो अङ्गल पनि थियो । लुआ लाउनेहरू उख काट्दै गए, अङ्गल हराउँदै गयो । ओलानाला सुक्दै गए । लुआ लाउनेहरू जति लोभी हुँदै गए, दुःख बढ्दै गयो ।" (उप्रेती, २०७६, पृ. १९३)*

उल्लिखित अंशमा मानिसहरू पहिले दुई खुट्टाले हिँड्थे तर पछि तिनले आफ्नो सुविधाका लागि उड्ने र गुड्ने घरहरू बनाए, पोखरीका छेउको जङ्गल मासे, त्यसपछि खोलानाला सुक्दै गएका हुन् भन्दै वृद्ध हाँसले लुगा लाउनेहरू फटाहा भएको स्पष्ट पारेको छ । मानिसको स्वार्थी प्रवृत्तिका कारण प्राकृतिक सम्पदाहरू लोप हुँदै गएका, वातावरण प्रदूषण बढेको र अन्य जीवहरूले दुःख पाएको प्रसङ्ग माथिको अंशमा उल्लेख भएको छ । विवेकशील प्राणी भए पनि मानिसका अविवेकी क्रियाकलापले वनसम्पदा विनाश भएको, खोलानाला सुक्न थालेका र वन्यजन्तुहरूले आफ्नो बासस्थान गुमाउनुपरेको प्रसङ्गलाई यस उपन्यासमा निकै महत्त्वका साथ प्रस्तुत गरिएको छ । यस उपन्यासमा यस्तै प्रसङ्गको अर्को अंश यस्तो छ :

> *कागले कहिल्यै ठुँगेको थिएन । छानामा जाँदा परबाट काँकाँ गर्दै तर्साउन खोजे जस्तो गर्थ्यो । तर, कहिल्यै नजिक आएको थिएन । आज बिनसित्ति किन आक्रमण गऱ्यो ?*

*म अचम्म मान्दै भऱ्याङ ओर्लँदै थिएँ । धोएका लुगा बाल्टिनमा बोकेर सीमा भऱ्याङ उक्लँदै थिई । मैले कागले टोकेको उसलाई भनेँ र कानको रगत पनि देखाएँ ।*

*"लौ, मैले भन्नै बिर्सिछु ।" सीमाले भनी, हलुवावेदको रुखमा कागले बच्चा कोरल्दै छ । हिजो गुँडबाट झरेको एउटा बच्चो कुकुरले मारेछ । त्यसैले कागहरू आक्रोशित छन् । चार-पाँचओटा बच्चा थिए । कुनै तल झरे, कुनैलाई चिलले लग्यो । अब एउटा मात्र बाँकी छ रे । मलाई घरबेटी दिदीले भन्नुभएको !" (उप्रेती, २०७६, पृ. ९०)*

उल्लिखित अंशमा छानामा लुगा सुकाउन गएको म पात्रलाई उड्दै आएको कागले कानमा ठुँगेर जान्छ । अरूबेला छानामा जाँदा काँकाँ गरेर परैबाट तर्साउन खोज्ने काग त्यसदिन निकै आक्रामक रूपमा देखा पर्छ । आफ्ना बच्चाहरू गुँडबाटै हराउन थालेपछि आक्रोशित भएको कागले म पात्रको कानमा रगत आउने गरी ठुँगिदिन्छ । आफ्नो प्राकृतिक बासस्थान गुमाउनु परेपछि वन्यजन्तुहरूले गाउँ या सहर पस्ने, मानिसहरूप्रति आक्रामक व्यवहार देखाउने गरेको पाइन्छ । यसबाट निम्तिएको दुर्घटनाको मुख्य कारक पनि मानिस नै हो । मानिसले वातावरण संरक्षणमा देखाएको उदासीनताका कारण पर्यावरणीय सन्तुलन खस्कँदै गएको र विभिन्न समस्याहरू निम्तिएको तथ्यलाई सङ्केत गर्दै यस उपन्यासमा मानिसका हरेक क्रियाकलापले वातावरणीय नैतिक आचरणको प्रतिबिम्बन गर्नुपर्ने र वातावरणमैत्री हुनुपर्ने निष्कर्ष निकालिएको छ ।

## वैज्ञानिक खोजको सम्भावना

हंस उपन्यासमा प्रकृति र पर्यावरणसँग सम्बन्धित विविध पक्षको चित्रण गरिएको पाइन्छ । प्रकृति नै सिर्जनाको मूल स्रोत हो । सृष्टिको सुरुवातमा विभिन्न जीव र वनस्पति अस्तित्वमा थिए तर समयचक्रसँगै कतिपय विलुप्त हुन पुगे भने कतिपय जीवहरू नयाँ स्वरूपमा परिवर्तन हुँदै आए । प्रसिद्ध वैज्ञाानिक चार्ल्स डार्विनले आफ्नो सुप्रसिद्ध कृति अन द ओरिजिन अफ स्पिसिज बाई नेचुरल सेलेक्सनमा पृथ्वीमा जति पनि जीवहरू र तिनका प्रजातिहरू छन्, ती सबैको उत्पत्ति एउटै मूलबाट भएको हो भन्ने कुराको वर्णन गरेका छन् (डार्विन, सन् १८५९) । हरेक जीव र वनस्पतिहरू आफ्नो वंश वृद्धि गर्न चाहन्छन् र त्यसअनुसार वनस्पतिले बिउ उत्पादन गर्दछन् भने जीवले चाहिँ सन्तानोत्पादन गर्दछन् । फलस्वरूप तिनको जनसङ्ख्यामा गुणानात्मक हिसाबले वृद्धि हुँदै जान्छ र जनसङ्ख्या वृद्धिसँगै प्राकृतिक स्रोतको अधिकतम उपयोग हुन थाल्दछ । बढ्दो जनसङ्ख्याको आवश्यकतालाई सीमित प्राकृतिक स्रोतले धान्न सक्दैन र बाँच्नका लागि सङ्घर्ष गर्नुपर्ने हुन्छ । यसमा

शक्तिशालीले निर्धालाई दबाउन थाल्दछन् अनि कमजोर प्राणीहरू बलिया प्राणीको आहार बन्नुपर्ने हुन्छ, जस्तै :

> *लहडे हाँस काकाको नजिकै गयो । उनका आँखाका भाव बुझ्ने कोसिस गऱ्यो । काका टोलाइरहेका थिए । लाग्यो, उनलाई कुनै डरले गाँजेको छ ।*
>
> *"कोंककोंक ?", हाँसले सोध्यो, "कस्तो चुच्चो ठुँगाइ ? कसले कसलाई ठुँग्दो रहेछ ?"*
>
> *"बाज र गरुडले रुपी, ढुकुर र भँगेरा जस्ता साना चरालाई । बकुल्ला, सारस, जलेवाहरूले साना माछालाई । चराले गँड्यौला, किरालाई ।"*
>
> *काकाले भन्दै गए, "एकले मौका पाउँदा अर्कालाई निल्न खोज्दा रहेछन् । त्यही निलाइ र ठुँगाइको परिणाम रहेछ इतिहास ।"*
>
> *"तर त्यति मात्र त नहोला नि !", लहडे हाँसले पत्याएन, "इतिहासमा मायापिरती पनि त हुँदो हो नि !"*
>
> *क्याँक्याँ क्वाँक !, काकाले भने, "होला त्यो पनि... तर धेरैजसो मारामारी नै चल्दो रहेछ । कागले भँगेराको सातो लिँदो रहेछ र भँगेराले फिस्टाको । सर्पले छेपारा र मुसा निल्छ भने साना सर्पलाई न्याउरी मुसाले । पोखरीमा पनि सधैँ घम्साघम्सी चलिरहन्छ । ठुल्टाउके, सर्पटाउके र राताटाउके माछाहरूबिच झैझगडा रहेछ । त्यसबाहेक ठूला माछाले सानालाई निलिरहन्छन् सधैँ र सानाले झन् सानालाई ।" (उप्रेती, २०७६, पृ. १६५-१६६)*

माथिको अंशमा आफ्नो अस्तित्व रक्षाका लागि जीवहरूका बिचमा चल्ने सङ्घर्षका बारेमा बताइएको छ । बाज, गरुड जस्ता ठुला चराले रूपी, ढुकुर र भँगेरा जस्ता साना चरालाई खान्छन् अनि बकुल्ला, सारस, जलेवाहरूले माछा, गड्यौला, किरालाई खान्छन् । सर्पले छेपारा र मुसा खान्छ फेरि साना सर्पहरूलाई न्याउरी मुसाले खान्छन् भनेर यस उपन्यासका पात्र हाँस काकाले खाद्यचक्र (फुडचेन) का बारेमा बताएका छन् ।

हंस उपन्यासमा अर्को यस्तै एउटा प्रसङ्ग पनि छ, जहाँ पचास वर्षदेखि टौदह आइरहने वृद्धले पाले, बुढीआमै र उपन्यासको म पात्रलाई सबै चराहरूको आफ्नै भाषा हुन्छ । उनीहरू पनि एकआपसमा कुरा गर्छन् र उनीहरूका पनि आफ्नै कथा हुन्छन् भन्ने तथ्य सुनाउँछन् । द फोनेटिक्स अफ बर्ड साउन्ड भन्ने कृतिमा रिचर्ड हन्ट (सन् १९२३)

ले पनि चराहरूको आफ्नो भाषा हुने कुरा उल्लेख गरेका छन् । उनले मानिसले बोल्ने भाषाका लिखित वर्णहरू भए जस्तै चराहरूको आवाजमा पनि वर्णहरू हुन्छन् भन्ने कुरा उनले विभिन्न उदाहरणबाट पुष्टि गरेका छन् । तीमध्ये एक उदाहरणमा हन्टले चराहरूको आवाजमा भवेल (स्वर वर्ण) प्रयोग हुनाले तिनीहरूको आवाज स्पष्ट, उच्च र सुरिलो हुन्छ भन्ने कुरा बताएका छन् । प्रस्तुत उपन्यासमा आएको यसै प्रसङ्गको एक अंशलाई यहाँ साक्ष्यका रूपमा प्रस्तुत गरिएको छ :

> *"चरा जनावरहरू घाँटीबाट कम र मनबाट बढी बोल्दछन् ।", वृद्धले संयमित स्वरमा जवाफ दिए, "तर, भाषाकै कुरा गर्दाचाहिँ हाँसको भाषामा स्वर अर्थात् भवेलहरू बढी हुन्छन् । हामीले प्रयोग गर्ने कयौँ व्यञ्जन अर्थात् कन्सनेन्टको सट्टा तिनले भवेल नै बोल्छन् ।"*
>
> *"हो र ! के कारण होला ?"*
>
> *"स्वरहरू व्यञ्जनको तुलनामा मानिसको मन वा स्वचेतनासँग बढी नजिक हुन्छन् । केटाकेटीहरूले बोल्न थालेको सुन्नुभएको छैन ? शैशव अवस्थाको भाषामा पनि त भवेल नै बढी प्रयोग हुन्छ नि !" (उप्रेती, २०७६, पृ. २५-२६)*

उल्लिखित अंशमा पनि वृद्धले हाँसहरूले प्रयोग गर्ने भाषामा स्वर वर्णहरू प्रयोग हुने र त्यसले गर्दा तिनीहरूको आवाजको आयतन बढी हुने हुनाले त्यो मानिसको स्वचेतनासँग नजिक हुन्छ भन्ने आशय व्यक्त गरेका छन् । रिचर्ड हन्टले प्रस्तुत गरेको उदाहरणसँग उपन्यासको अंशमा आएको वृद्धको विचार पनि मेल खान पुगेको छ ।

टौदह वरपर बस्ने रैथाने हाँसहरू उडेर मानसरोवरसम्म पुग्ने चाहना भए पनि उड्न नसक्ने हुनाले आफ्नै मनसरोवरमा काल्पनिक उडान भर्दै बस्ने र जाडो याममा चाइना, मन्चुरीया, साइबेरियादेखि उडेर आउने हाँसहरू भने टौदहका तिनै रैथाने हाँससँग प्रेम गाँस्न आइपुग्ने प्रसङ्गका साथै, चराचुरुङ्गीका आवाज, टौदह जस्ता सिमसारको भौगोलिक बनावट, त्यहाँको जैविक विविधता आदिका बारेमा उल्लेख गर्दै यस विषयमा वैज्ञानिक खोजको प्रशस्त सम्भावना रहेको विषयतर्फ यस उपन्यासले सङ्केत गरेको छ ।

## पर्यावरणाअनुकूल भाषिक प्रयोग

कृतिमा प्रयुक्त भाषा त्यस कृतिमा चित्रित पर्यावरणाअनुकूल छ कि छैन भन्ने कुरा यस पक्षअन्तर्गत पर्दछ । भाषा र पात्रबिचको घनिष्टता प्रस्तुत गर्न यसमा स्थानीयता

र भाषिकालाई बढी महत्त्व दिइन्छ । यसमा मूलतः भाषिक रूपले प्रकृतिलाई कृतिभित्र गरिएको सम्मानजनक व्यवहारको खोजी गरिन्छ (एटम, २०७०) । प्रस्तुत हंस उपन्यास प्रकृति र पर्यावरणलाई केन्द्रमा राखेर विभिन्न पात्रहरूको सिर्जना गरिएको छ । मानवीय पात्रहरूमा स्थानीय विशेषतायुक्त भाषाको प्रयोग भएको छ भने मानवेतर पात्रहरूमा तिनको विशेषतालाई दर्साउने आवाज तथा भाषाको प्रयोग पनि गरिएको छ :

> *"पोखरी छेउको टापुबारे थाहा छ आमै ?"*
>
> *"त्यस टापुमा एउटी बुढी बस्तिन् रे, महादेवकी भक्तिनी !", आमैले भनिन्, "भक्तिनीको थातथलो नबिग्रोस् भनरै टापु नखन्या । हिउँदमा आउने उडन्ते हाँसहरू त्यही टापु वरिपरि बस्चन् । घरपालुवा हाँस र उडन्ते हँसिनीको मायापिरती पनि त्यही टापु वरिपरि भ्याङ्गिया'थ्यो अरे !"*
>
> *"आमाले उडन्ते हँसिनी र घरपालुवा हाँसको कथा साह्रै मिठो गरी भन्नुहुन्छ ।" पालेले सेता दाँत देखाउँदै भन्यो, "सबैलाई त्यही कथा सुनाइरनुहुन्छ ।"*
>
> *"कुन कथा आमै ?" मैले सोधेँ, "मञ्जुश्रीको पालाको कि भीमसेनको ?"*
>
> *"होइन !", पालेले भन्यो, "अलिक पछिको । सुनाइदिनू न हौ आमा माड्साबलाई, लेखकहरूलाई लभसभका कथा निको लाग्छन् ।" (उप्रेती, २०७६, पृ. १२)*

उल्लिखित अंशमा टौदहका छेउमा खाजाघर चलाएर बसेकी आमैले टौदहका विषयमा प्रचलित कथाहरू सुनाउने गरेको प्रसङ्ग आएको छ । यसमा दहको रेखदेखमा खटिएको पालेले आमैको कथावाचनको प्रशंसा गर्दै लेखकलाई पनि कथा सुनाइदिन प्रेरित गरेको देखिन्छ । आमैको बोलीमा स्थानीय लवजको प्रयोग भएको छ । उनले टापुकी भक्तिनी, उडन्ते हँसिनी र घरपालुवा हाँस तथा नागराजा नागरानीका कथा खाजाघरमा आइपुगेको म पात्रलाई पनि सुनाएकी छन् । वृद्धाको बोलीमा टौदहका छेउका बस्तीमा बस्ने मानिसहरूको बोलीमा पाइने रैथाने स्वादको विशेषता बोकेका 'बस्तिन्, थ्यो, नखन्या, बस्चन्' आदि क्रियापदहरू प्रयोग भएका छन् भने हाँसले बोल्ने संवादमा 'क्वाँकक्वाँक, क्वँक्वँ, क्वाँके कुरा, दिमाग नै क्वाँकियो' जस्ता शब्द प्रयोग भएका छन् ।

यस उपन्यासमा मानवेतर प्राणीहरूमा पनि संवेदना हुन्छ, आफ्नो प्रियजनको मृत्यु हुँदा उनीहरू पनि दुःखी हुन्छन् र सामूहिक रूपमा दुःख व्यक्त गर्न जम्मा हुन्छन् भन्ने प्रसङ्गलाई यसरी प्रस्तुत गरिएको छ :

*लहडे हाँसका आँखा पूरै बन्द भइसकेका थिए । पखेटा अररो बन्दै गएका थिए । भक्तहरूले पनि आकाशपारिको पोखरीबारे व्याख्या गर्न छाडे । एकएक गर्दै लुसुक्क लस्किएर दहमा हाम्फाल्दै हराए ।*

*हाँसलाई हेर्न आउनेहरूको लर्को कम भएन ।*

*परपरका गाउँबाट बथानका बथान चराहरू आउन थाले । सिमसार वरिपरिका रुखका कुनै पनि हाँगा खाली थिएनन् । मयल, कनिके, चिलाउने, खरी, उत्तिस, रानीसल्ला, गोब्रेसल्ला, हाँडीबेल सबैका हाँगामा चरैचरा । कुनैमा भँगेराको लस्कर, कुनैमा रुपी र कागहरू । कुनैमा कन्ठे सुगा त कुनैमा भ्यापभ्यापे र धोबिनी चराहरू । कुनैमा फिस्टा र गाजले, त कुनैमा कोकले र सुनचरीहरू । सबै जना एकटक सिमसारतिरै हेरिरहेका थिए । साथसाथै कराउँदै थिए ।*

*"चुइँचुइँ....काककाक...च्याँच्याँ....चिरचिर...!"*

*"टिरटिर....पोकपोक...स्विस्वि....चिरबिर...!" (उप्रेती, २०७६, पृ. २१८)*

उल्लिखित अंशमा आकाश पारिको पोखरीबाट उड्दै आएकी हँसिनीको मायामा परेको लहडे हाँसले आफू पनि एक दिन उडेर मानसरोवर पुग्ने र आफ्नी हँसिनीसित भेट्ने सपना देख्छ र जीवनभर उड्ने प्रयास गरिरहन्छ । आफ्ना पुर्खाहरू उड्न सक्थे भन्ने कुरा हाँस काकाबाट थाहा पाएपछि लहडे हाँस आफू पनि एक दिन उडेरै आकाश पारिको पोखरीमा पुग्ने सपना देख्छ । रैथाने घरपालुवा हाँसहरू उडन्ते हाँसझैँ उड्न सक्दैनन् भन्ने विश्वासलाई भङ्ग गर्न उडेर देखाउने प्रयत्नमा लागेको लहडे हाँसको मृत्युमा दुःख व्यक्त गर्न पखेटाले आकाशै ढाक्ने गरी असङ्ख्य चराहरू उड्दै आउँछन् । चराको कल्याङमल्याङले तानेका किसानले, "उनीहरू पनि हामी जस्तै हुन् नि । आफ्ना मर्दा हाम्रो झैँ तिनको पनि त मन रुन्छ" (पृ. २१९) भन्ने प्रतिक्रिया जनाउँछन् । जम्मा भएका चराहरू आफ्नो स्वभावअनुसार चिरबिराउँछन् र लहडे हाँसको मृत्युमा समवेदना प्रकट गर्दा बकुल्लो आँखा चिम्म गरेर एक खुट्टामा उभिन्छ र दुःख प्रकट गर्दछ । यसमा मानवेतर प्राणीहरूमा पनि चेतना हुन्छ, आफन्तको मृत्युमा उनीहरू पनि दुःखी हुन्छन् र दुःख प्रकट गर्ने उनीहरूको आफ्नै भाषा र तरिका हुन्छ भन्ने देखाइएको छ ।

यसरी प्रस्तुत अंशमा मानिसमा आफू बाँचेको स्थान र त्यहाँको पर्यावरणले पार्ने प्रभाव स्वभावका रूपमा विकसित हुन्छन् र तिनको असर उसको आचरण र बोलीमा

पनि झल्किन्छ भन्ने कुरा पुष्टि हुन्छ । यसर्थ यस उपन्यासमा आएका कथयिता तथा हरेक पात्रका संवादमा पर्यावरण अनुकूल भाषिक प्रयोग गरिएको छ ।

## निष्कर्ष

सञ्जीव उप्रेतीको हंस उपन्यास प्रकृति र वातावरणलाई केन्द्रमा राखी रचिएको हुनाले यसमा मानिस र प्रकृतिबिचमा अन्योन्याश्रित सम्बन्धलाई देखाइएको छ । यहाँ मानिस, अन्य जीव तथा वनस्पतिहरूबिचको अन्तर्सम्बन्ध र पारिस्थितिक चक्रलाई सुन्दर तरिकाले बुनिएको छ । यसमा टौदह र यस वरपर पाइने सबै जीव तथा वनस्पतिलाई एकअर्काका परिपूरकका रूपमा देखाउँदै जैविक विविधतामय सुन्दर प्रकृतिको वर्णन गरिएको छ । यस उपन्यासले हिजोआज बिरूप बन्दै गएको पृथ्वीको सौन्दर्य कायम राख्न मानिसहरू संवेदनशील हुनुपर्ने भाव टौदहको छेउमा खाजाघर चलाएर बसेकी आमै तथा हाँस काका जस्ता पात्रका माध्यमबाट व्यक्त गरी प्रकृतिका हरेक जीवको समान अस्तित्व स्वीकार गरी यसको संरक्षणमा लाग्नुपर्ने सकारात्मक सन्देश पनि दिएको छ । यहाँका मानिस तथा चराचुरुङ्गीहरूमा पर्यावरण अनुकूल भाषिक प्रयोग गरिएको छ । मानसरोवरदेखि बसाइँ सरेर आउने उडन्ते हाँस र टौदहका रैथाने हाँसको फरक विशेषताको बयान वैज्ञानिक तथ्यका आधारमा देखाइएको छ । यसअघि प्रकृति र पर्यावरणलाई शैलीगत अलङ्कारका रूपमा मात्र लिएर कृतिहरू रचना गरिएको पाइन्छ तर यस उपन्यासमा प्रकृति मूल विषयका रूपमा आएको छ । प्राकृतिक सौन्दर्यको चित्रण, पर्यावरण अनुकूल भाषिक प्रयोग, वैज्ञानिक तथ्यहरूको कलात्मक प्रयोग, पर्यावरण संरक्षणप्रतिको चासो आदि पक्षबाट अब्बल ठहरिएको एवम् यसले पर्यावरणका विविध पक्षलाई अत्यन्त उदारताका साथ प्रस्तुत गरेको हुनाले हंस पर्यावरणीय चेतनाका दृष्टिले एउटा उत्कृष्ट नेपाली उपन्यास हो ।

## सन्दर्भ सामग्री

उप्रेती, सञ्जीव (२०७६), *हंस,* बुक हिल ।

एटम, नेत्र (२०७०),*अन्तर्विषयक नेपाली समालोचना,* एकता बुक्स ।

ग्लोटफेल्टी, चेरिल र ह्यारोल्ड फोम, (सम्पा.) (सन् १९९६), *द इकोक्रिटिसिज्म रिडर : ल्यान्डमार्क्स इन लिटरेरी इकोलोजी,* रटलेज ।

डार्विन, चार्ल्स (सन् १८५९), *अन द ओरिजिन अफ स्पिसिज बाई नेचुरल सेलेक्सन,* डी एप्लेक्सन एन्ड कम्पनी ।

त्रिपाठी, गीता (२०७६), समकालीन नेपाली कथामा पर्यावरण, *प्रज्ञा समकालीन नेपाली कथाविमर्श,* (सम्पा.) ज्ञानु अधिकारी, नेपाल प्रज्ञा प्रतिष्ठान, पृ. १०२-१२५ ।

नायर, प्रमोद कुमार (सन् २०१६), *इकोक्रिटिसिज्म : एन एस्से, इन्डिया : लिटरेरी थियरी एन्ड क्रिटिसिज्म,* इन्डिया टुडे ।

पोखरेल, गोकुल (२०७७), सिमसारका राजदूत काव्यमा मान्छे र पर्यावरणबिचको सम्बन्ध. *प्रज्ञा,* ११७, नेपाल प्रज्ञा प्रतिष्ठान, पृ. ८२– ९१ ।

बुएल, लरेन्स (सन् १९९५), *द इन्भारोन्मेन्टल इमाजिनेसन,* हावर्ड युनिभर्सिटी प्रेस ।

भट्टराई, रमेशप्रसाद (२०७०), *समय-सौन्दर्य, पर्यावरण र कविता,* विवेक सिर्जनशील प्रकाशन प्रा.लि. ।

मार्ल्यान्ड, पिप्पा (सन् २०१३), *इकोक्रिटिसिज्म,* लिट्रेचर कम्पास ।

शर्मा, बिन्दु (२०७५), *नेपाली समालोचनाका नवीन आयाम,* तन्नेरी प्रकाशन ।

हन्ट, रिचर्ड (सन् १९२३), *द फोनेटिक्स अफ बर्ड साउन्ड,* अक्सफोर्ड युनिभर्सिटी प्रेस ।

## लेखक विवरण

*जानुका खतिवडाले* त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरबाट स्नातकोत्तर उत्तीर्ण गर्नुभएको छ । उहाँ हाल अध्यापन तथा लेखनमा सक्रिय हुनुहुन्छ । उहाँका असल साथी, कसले चोऱ्यो चकलेट (बालकथा सङ्ग्रह) र शून्य, उज्यालोको रङ, आतोओडा (उपन्यास) गरी पाँच कृति प्रकाशित छन् । उहाँ भाषा, शिक्षा, शिक्षण र साहित्यका क्षेत्रमा रुचि राख्नुहुन्छ ।